# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, असार २५ गते, २०७६ साल (अतिरिक्ताङ्क ४

## भाग ३

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना - १

प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७६।०३।२५ को निर्णय बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को

अनुसूचीमा देहाय बमोजिम हेरफेर गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) अनुसूची—१ को,—

(क) द्रष्टव्य -४ लाई देहायको द्रष्टव्य-४ ले प्रतिस्थापन गरी देहाय बमोजिमको द्रष्टव्य-५ थप गरिएको छ ।

"४. समितिका सभापति र दलका सचेतकलाई प्रदेश सरकारका तर्फबाट सवारी साधन उपलब्ध नभएसम्म मिति २०७५/०६/०४ देखि लागू हुने गरी मासिक रु १०,०००/- उपलब्ध गराइनेछ ।

५. संसदीय दलको सञ्चालन खर्च वापत प्रत्येक संसदीय दललाई २०७६ साल जेठ महिनादेखि लागू हुनेगरी प्रति प्रदेश सभा सदस्य मासिक रु ३,०००/- का दरले हुन आउने जम्मा रकम उपलब्ध गराइनेछ ।"

(२) अनुसूची– २ को,–

(क) तालिकाको सट्टा देहाय बमोजिमको तालिका राखिएको छ ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता र उपसभामुख | सत्ता पक्षको प्रमुख सचेतक र विपक्षी दलको प्रमुख सचेतक | समिति का सभापति | दलका सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (रा.प.तृतीय श्रेणी वा सो सरह) | जना | १ | १ | - | - | - | - |
| २ | स्वकीय सचिव (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह) | जना | १ | - | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | १ | - | - | - | - |
| ४ | अतिथी सत्कार | प्रति महिना रु. | १०००० | ५००० | - | - | - | - |

(ख) द्रष्टव्य- १ मा रहेको "स्वकीय सचिवालयका कर्मचारीले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।" भन्ने वाक्यपछि "नियुक्ति भएको छ महिना पुगेपछि वर्षको एकपटक सुरु स्केलको एक महिनाको तलब बराबरले हुन आउने रकम चाडपर्व खर्च वापत पाउनेछन् ।" भन्ने वाक्य थप गरिएको छ।

# सूचना - २

प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७६।०३।२५ को निर्णय बमोजिम मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची -३ मा देहाय बमोजिम हेरफेर गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. अनुसूची -३ मा रहेको "दफा १३ सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा ११ सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएको छ ।

२. अनुसूची -३ को तालिकामा देहाय बमोजिमको क्र.सं. २क थप गर्नेः-

| क्र.सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| २क. | स्वकीय सचिव (ना.सु. वा सो सरह) | १ | १ | १ | १ |

# सूचना - ३

प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७६।०३।२५ को निर्णय बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची-१ मा देहाय बमोजिम हेरफेर गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) अनुसूची—१ को,–

(क) तालिका नं. (क) को सट्टा देहाय बमोजिमको तालिका नं. (क) राखिएको छ ।

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३१,००० | २६,००० | १८,००० | १८,००० | ९,००० |
| २. | कार्यपालिका/सभा को बैठक भत्ता | प्रति बैठक रु. | १००० | १००० | १००० | १००० | १००० |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | १५०० | १००० | ८०० | ८०० | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १६०० | १५०० | १४०० | १४०० | १४०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १४० | १२५ | १२५ | १२५ |
| ६. | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |
| ७. | यातायात खर्च | कार्यपालिका / सभाको बैठक बसेको प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० |

(ख) तालिका नं. (ख) को (अ) को सट्टा देहाय बमोजिमको तालिका नं. (ख) को (अ) राखिएको छ ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३५,००० | ३०,००० | २०,००० | २०,००० | १०,००० |
| २. | कार्यपालिका/सभा को बैठक भत्ता | प्रति बैठक रु. | १००० | १००० | १००० | १००० | १००० |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | २००० | १५०० | १००० | १००० | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १८०० | १६०० | १५०० | १५०० | १५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १४० | १२५ | १२५ | १२५ |
| ६. | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |
| ७. | यातायात खर्च | कार्यपालिका / सभाको बैठक बसेको प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० |

(ग) तालिका नं. (ख) को (आ) को सट्टा देहाय बमोजिमको तालिका नं. (ख) को (आ) राखिएको छ ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ४३,००० | ३८,००० | २५,००० | २५,००० | १२,५०० |
| २. | कार्यपालिका/सभाको बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | ३००० | १५०० | १००० | १००० | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २००० | १८०० | १५०० | १५०० | १५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १७५ | १५० | १२५ | १२५ | १२५ |
| ६. | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |
| ७. | यातायात खर्च | कार्यपालिका/सभाको बैठक बसेको प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० |

(घ) तालिका नं. (ग) को सट्टा देहाय बमोजिमको तालिका नं. (ग) राखिएको छ ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३८,००० | ३०,००० | १५,००० |
| २. | समन्वय समिति/ जिल्ला सभाको बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | १५०० | १००० | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १८०० | १६०० | १५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १२५ | १२५ |
| ६. | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० |

(ङ) द्रष्टव्य—२ पछि देहाय बमोजिमको द्रष्टव्य—३ र ४ थप गरिएको छ।

"३. न्यायिक समितिका पदाधिकारी तथा सो समितिको काममा प्रत्यक्ष रुपमा संलग्न रहेका बढीमा दुई जनासम्म कर्मचारीहरुलाई वैठक बसेको दिनको लागि वैठक भत्ता वापत रु. १०००/— उपलब्ध गराइनेछ।

४. न्यायिक समितिका पदाधिकारीलाई बैठक बसेको दिनको लागि यातायात खर्च बापत रु.७५०।- उपलब्ध गराइनेछ।"

**आज्ञाले,**
**मनोहर प्रसाद खनाल**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-